## बांके जिल्लाको कोहलपुरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ब्यवसायिक कुखुरापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका २६ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ असौज ०७ गतेदेखि ०९ गतेसम्म बांके जिल्लाको कोहलपुरमा "ब्यवसायिक कुखुरापालन तालिम" सम्पन्न गरेको संस्थाका कोहलपुर कार्यालयका शाखाप्रमुख श्री पुष्पा कुमारी सुबेदीले जानकारी गराएका थिए । यस तालिमका प्रशिक्षकहरुमा ४ वाह्य विशेषज्ञका साथै शाखाप्रमुख श्री पुष्पा कुमारी सुबेदी र क्षेत्रीय कार्यालयका कार्यक्रम अधीकृत श्री जिताराम गौतम रहेका थिए ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नती तिर अगाडि बढेको समेत संस्थाका कार्यक्रम अधीकृत श्री जिताराम गौतमले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत यस शाखाका सहायक कर्मचारी श्री नन्द कुमार गौतमले गरेका थिए भने तालिमको उद्देश्यबारेमा संस्थाको कोहलपुरका क्षेत्रिय कार्यक्रम अधिकृत श्री जिताराम गौतमले प्रकाश पारेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

तालिम, उद्यमशील विकास तालिम, वित्तीय साक्षरता ब्यवसायीक साक्षरता र सचेतना मूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आईरहेको छ । संस्थाले देशको अतिदुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीपविकास तालिम प्रदान गर्दै आईरहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ। संस्थाको २०७६ श्रावण मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १९ अरब ६१ करोड ४२ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ११ अरब १५ करोड ४१ लाख बचत परिचालन भएको छ ।




कुखुरापालन व्यवसायको परिचय, स्थानीय र उन्नत जातमा भिन्नता, महत्व, आवश्यकता र वर्तमान स्थिति तथा ब्रोईलर एंव लेयर्स कुखुराको जातीय परिचय र ब्रोईलर पाल्नको कारण तथा महत्व, कुखुरापालन विधि, खोरको महत्व, उन्नत वा सुरक्षित खोर निर्माण गर्न ठाउँको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमाहावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोत्तरको लागि प्रयोग गरिने वस्तुहरु, चल्ला ल्याउन पूर्व गर्न पर्ने तयारीहरु, गुणस्तरिय चल्लाको पहिचान, ब्रिडिङ्गको परिचय, ब्रिडिङ्ग हाउसमा चल्ला राख्दा चल्लाको छनौट, जाडो तथा गर्मीयाममा चल्ला ब्रिडिङ्ग गर्ने तरिका एवम् ब्रिडिङ्ग हाउसमा उपयुक्त तापक्रमको महत्व र ब्रिडिङ्ग गर्दा ध्यान दिनु पर्ने कुराहरु, ब्रिडिङ्ग गर्दाको अवस्थामा एण्टिबायोटिक, भिटामिन तथा ईलेक्ट्रोलाईटको महत्व, चल्लाको आहार, उन्नतदानाको महत्व, किसिम र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, चल्लाको जात, उमेर अनुसार भूँई क्षेत्र, दानापानी, भाँडाकुँडाको आवश्यकता र शारिरिक तौलमा बृद्धि, रोगको परिचय, कुखुरामा रोग लाग्नाको कारणहरु, रोगी तथा निरोगी कुखुराको पहिचान गर्ने तरिका र रोगबाट बच्ने उपायका साथै कुखुरापालन ब्यवसायमा बायोसेक्युरिटीको

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

महत्वबारे जानकारी, रानीखेत, गम्बारो तथा Mareks को पुल्लोरम, कुखुराको हैजा तथा कक्सिडियोसिस रोगको परिचय, लक्षण, उपचार तथा रोकथाम, खोपको महत्व, खोपहरु प्रयोग गर्ने तरिका, ब्रोईलर कुखुराको खोप कार्यक्रम र खोर संक्रमण मुक्तपार्ने तरिका बारे जानकारी साथै कुखुरापालन कृषकको खोरमा अध्ययन भ्रमण, दुषित दानापानी तथा भिटामिन र खनिजतत्वको कमीबाट लाग्ने रोगहरु र आन्तरीक तथा वाह्य परिजिविबाट लाग्ने रोगहरुको परिचय, लक्षण उपचार तथा रोकथामका उपायहरु, कुखुरापालन ब्यवसायको योजना तर्जुमा र अभिलेख राख्ने तरिका तथा कुखुरापालन ब्यवसायको बजार ब्यवस्थापन, कुखुरापालनको स्किम, बचत परिचालन र बचतका फाईदाहरु संस्थाका सेवाहरुको आदिबारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको कोहलपुर शाखाका प्रमुख श्री पुष्पा कुमारी सुबेदीले बताएका थिए । ब्यवसायिक रुपमा कुखुरापालन गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीपप्रदान गरी ब्यवसायिक सफलताको लागि तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय कार्यालयका कार्यक्रम अधिकृत श्री जिताराम गौतमले जानकारी गराएका थिए ।




तालिमको अन्त्यमा सहभागीहरु श्री गोविन्द बहादुर रोकाय र श्री नव राज जोशी ले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा कुखुरापालन गरि आम्दानी बृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाई ब्यवसायमा प्रयोग गरि ब्यवस्थित र आधुनिक तरिकाले ब्यवसाय सञ्चालन गर्ने सहभागीहरुले बताएका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 